संवत् २०८२ साल जेठ १५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | अर्थ मन्त्रालय | नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यसहितको राजस्व र व्ययको अनुमान सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| 2 | अर्थ मन्त्रालय | देहायका विधेयकहरू सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने:<br>(क) आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि सङ्घीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,<br>(ख) राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक,<br>(ग) आर्थिक वर्ष २०८२/८३ को लागि नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक। |
| 3 | अर्थ मन्त्रालय | (क) सामयिक कर असुल ऐन, २०१२ को दफा ३ बमोजिमको सूचित आदेश जारी गर्ने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने।<br>(ख) भन्सार महसुल ऐन, २०८१ को दफा १३ को उपदफा (३) बमोजिमको सूचना जारी गर्ने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने। |
| 4 | अर्थ मन्त्रालय | मूल्य अभिवृद्धि कर (सत्ताइसौं संशोधन) नियमावली, २०८२; अन्तःशुल्क (सत्ताइसौं संशोधन) नियमावली, २०८२; आयकर (सोह्रौं संशोधन) नियमावली, २०८२, भन्सार (सोह्रौं संशोधन) नियमावली, २०८२; भन्सार महसुल (पहिलो संशोधन) नियमावली, २०८२ र मदिरा (चौथो संशोधन) नियमहरू, २०८२ स्वीकृत गर्ने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने। |
| 5 | गृह मन्त्रालय | नेपाल प्रहरीको रिक्त प्रहरी अतिरिक्त महानिरीक्षक पदमा प्रहरी नायव महानिरीक्षक सिद्धि बिक्रम शाहलाई बढुवा गर्ने। |
| 6 | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सडक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| 7 | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | हुलाक सेवासम्बन्धी विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| 8 | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | गोरखापत्र संस्थानसम्बन्धी विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| 9 | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय समाचार समितिसम्बन्धी विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |

संवत् २०८२ साल जेठ १९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | अर्थ मन्त्रालय | २०८२ असार ३ गते अष्ट्रियाको भियनामा आयोजना हुने ओपेक विकास कोष फोरममा अर्थ मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 2 | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | थाइल्याण्डको राजधानी बैंककमा २०८२ असार ४ गतेदेखि ६ गतेसम्म आयोजना हुने Hand-In-Hand Investment Dialogue for Asia and the Pacific विषयक कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय रामनाथ अधिकारीलाई सहभागी हुन स्वीकृति दिने। |
| 3 | रक्षा मन्त्रालय | नेपाली सेनातर्फ एकजना प्रमुख सेनानीको महासेनानी दर्जामा बढुवा गर्ने, दशजना महासेनानीहरूको सरुवा गर्ने र एकजना महासेनानीको राजीनामा स्वीकृत गर्ने। |
| 4 | वन तथा वातावरण मन्त्रालय | २०८२ असार २ गतेदेखि ९ गतेसम्म जर्मनीमा आयोजना हुने United Nations Climate Change Conference, SB 62 मा सहभागी हुन वन तथा वातावरण मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने। |
| 5 | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८२ जेठ २८ गतेदेखि ३० गतेसम्म जनवादी गणतन्त्र चीनको बेइजिङमा आयोजना हुने Beijing CBD Multinational Enterprises Conference and Asian Mayors Forum मा सहभागी हुन ललितपुर महानगरपालिकाका प्रमुख श्री चिरीबाबु महर्जनलाई स्वीकृति प्रदान गर्ने। |